**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः ६३ | मितिः २०७९/११/२३

**भाग-२**

**त्रिवेणी गाउँपालिका**

## त्रिवेणी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा शिक्षक छनौट मापदण्ड, २०७९

आज्ञाले,

नामः प्रेम बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत

# त्रिवेणी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा शिक्षक छनौट मापदण्ड,२०७९

गाउँकार्यपालिकाबाट पारित मितिः २०७९/११/१८

प्रमाणित मितिः २०७९/११/२३

## प्रस्तावना

त्रिवेणी गाउँपालिकाको शैक्षिक अवस्था सुधार गरी शिक्षामा सबैको सहज पहुँच र प्रभावकारी शिक्षाका लागि त्रिवेणी गाउँपालिका भित्रका विद्यालयहरुको समायोजन, दरबन्दी मिलान र शिक्षक छनौट प्रणालीमा सुधार गरी शैक्षिक गुणस्तरमा एकरुपता कायम गर्नको लागि यो मापदण्ड जारी गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः**(१) यस मापदण्डको नाम त्रिवेणी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा शिक्षक छनौट मापदण्ड,२०७९रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

क) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिकालाई सम्झनु पर्छ।

ख) "विद्यालय" भन्नाले त्रिवेणी गाउँपालिका भित्रका विद्यालय सम्झनु पर्छ।

ग) "विषय विज्ञ" सम्बन्धित विषयको ज्ञान भएको विज्ञलाई सम्झनु पर्छ।

घ) "स्थानीय शिक्षा ऐन" भन्नाले त्रिवेणी गाउँपालिकाको स्थानीय शिक्षा ऐनलाई सम्झनु पर्छ।

## परिच्छेद २

## विद्यार्थी तथा शिक्षक संख्यासम्बन्धी व्यवस्था

**३. विद्यार्थी मापदण्डः-**गाउँपालिका भित्रका विद्यालयहरुमा न्यूनतम देहायबमोजिमको संख्यामा विद्यार्थीहरु हुनुपर्नेछः

| | |
|---|---|
| क) बालविकास मात्रै चलेका विद्यालयः- | २५ जना |
| ख) बालविकास देखि कक्षा ३ सम्म चलेका विद्यालयः- | ५० जना |
| ग) बालविकास देखि कक्षा ५ चलेका विद्यालयः- | ७५ जना |
| घ) कक्षा ६-८ प्रत्येक कक्षामाः- | ४० जना |
| ङ) कक्षा ९-१० प्रत्येक कक्षामाः- | ४० जना |
| च) कक्षा ११-१२ प्रत्येक कक्षामाः- | ४० जना |

४. **शिक्षक मापदण्डः-** (१)दफा ३ बमोजिम बिद्यार्थी संख्या उपलब्ध भएमा देहाय बमोजिमको शिक्षक संख्या कायम गरिनेछः

| सि.नं. | कक्षा | शिक्षक | | | | बालविकास सहजकर्ता | सहायक कर्मचारी | सहयोगी कर्मचारी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कक्षा ५ सम्म | कक्षा ६-८ सम्म | कक्षा ९-१० सम्म | कक्षा ११-१२ सम्म | | | | |
| १. | बालविकास | | | | | १ | | १ | २ |
| २. | कक्षा ३ सम्म | २ | | | | १ | | १ | ४ |
| ३. | कक्षा ५ सम्म | ३ | | | | १ | | १ | ५ |
| ४. | कक्षा ६-८ सम्म | ३ | ४ | | | १ | | १ | ९ |
| ५. | कक्षा ९-१० सम्म | ३ | ४ | ५ | | १ | १ | १ | १५ |
| ६. | कक्षा ११-१२ सम्म | ३ | ४ | ५ | २ | १ | १ | १ | १७ |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ३ बमोजिम भन्दा बढि विद्यार्थी संख्या भएमा देहायको आधारमा दरबन्दी थप गर्न सकिनेछः-

| सि.नं. | कक्षा | थप विद्यार्थी संख्या | थप शिक्षक दरबन्दी संख्या |
|---|---|---|---|
| १. | कक्षा १-३ | २५ | १ |
| २. | कक्षा १-५ | २५ | १ |
| ३. | कक्षा ६-१२ | ४० | १ |

(३) उपदफा (२) बमोजिम थप विद्यार्थी संख्याको आधारमा दरबन्दी थप गर्दा कक्षा १-५ चलेका विद्यालयमा सेक्सन चल्ने अवस्था बाहेक शिक्षक संख्या अधिकतम ५ भन्दा बढी हुनेछैन।

(४) उपदफा (१)(६) बमोजिमको कक्षा संचालन भएको विद्यालयमा कायम न्यूनतम दरबन्दी बाहेक नयाँ संकाय थप भएमा प्रति संकाय २ जना शिक्षक थप गर्न सकिनेछ।

**५.विषय शिक्षकः-**(१) कक्षा ६-१२ चलेका विद्यालयमा देहाय बमोजिम विषय शिक्षक कायम गरिनेछः-

| कक्षा/विषय | अंग्रेजी | गणित /विज्ञान | नेपाली /सामाजिक | गणित | विज्ञान | नेपाली | सामाजिक | ऐच्छिक | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा ६-८ | १ | १ | १ | | | | | | १ |
| कक्षा ९-१० | १ | | | १ | १ | १ | १ | | |
| कक्षा ११-१२ | १ | | | | | १ | | | |

(२) उपदफा (१) बमोजिम कायम विषय शिक्षकहरुलाई तल्लो तहमा कार्यरत रहेतापनि माथिल्लो शैक्षिक योग्यता भएको खण्डमा माथिल्लो कक्षामा अध्यापन गराउन जिम्मेवारी दिन सकिनेछ।

## परिच्छेद ३

## दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी व्यवस्था

**६.दरबन्दी मिलानः-** (१) बढि दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा शिक्षक स्थानान्तर गर्दा वा बर्खास्त गर्दा देहायका आधारमा गरिनेछः-

क) शिक्षकको रोजाई प्राथिकताक्रमको आधारमा

ख) गापा अनुदान शिक्षक, राहत र स्थायी शिक्षक

ग) जेष्ठताको आधारमा

(२) उपदफा (१) बमोजिमको आधारमाबाट शिक्षक स्थानान्तरण वा दरबन्दी कटौती गर्दा गापा अनुदान शिक्षकको दरबन्दीबाट जेष्ठता समेतलाई आधार मानी गरिनेछ। तर अपाङ्ग तथा महिला र रोजाई प्राथामिकतालाई पनि विशेष मध्यनजर गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सन्तोषजनक कार्यसम्पादन नभएको वा विद्यालयको आर्थिक भौतिक र शैक्षिक अवस्था सुधारमा ध्यान नपुऱ्याएको भनि सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सिफारिसमा कारवाही गर्न सकिनेछ।

**७. विद्यालय समायोजन मापदण्डः** (१) गाउँपालिका भित्रका विद्यालय समायोजन गर्दा देहायबमोजिमका आधारमा गरिनेछः

क) दुवै विद्यालयको समायोजन स्वेच्छा सहमतीको आधारमा।

ख) दुई विद्यालय बीचको पैदल दुरी आधा घण्टा भन्दा कम भएको आधारमा।

ग) मापदण्ड भन्दा अति न्यून विद्यार्थी भएको आधारमा।

घ) शैक्षिक गुणस्तर कम भएका विद्यालयहरु।

(२) उपदफा (१) बमोजिमका आधार बाहेक अन्य आधार शिक्षा समितिले तय गरेबमोजिम हुनेछ।

## परिच्छेद ४

## शिक्षक छनौट सम्बन्धी व्यवस्था

**८.शिक्षक छनौट मापदण्डः-** (१) शिक्षक छनौट गर्दा स्थानीय शिक्षा ऐनका अतिरिक्त देहायका कुराहरुलाई समेत आधारका रुपमा लिईनेछः

क) विषय विज्ञहरुको सूची तयार तथा नविकरण गर्ने।

ख) सूचिकृत विज्ञहरुबाट प्रश्नहरु संकलन गरी प्रश्न बैंक (Question Bank) तयार गरिनेछ र सोहि प्रश्न बैंकवाट प्रश्नहरु छनौट गरी प्रश्नपत्र निर्माण गर्ने।

ग) शिक्षक छनौट परीक्षा संचालन गर्दा सूचीकृत विज्ञबाट गोलाप्रथा गरी २ जना छनौट गर्ने।

घ) परीक्षार्थीले परीक्षामा कालो मसि र जाँचकले रातो मसिको प्रयोग गर्नुपर्नेछ।

ङ) लिखित परीक्षामा उतीर्ण उम्मेद्वारलाई अन्तर्वार्ता पूर्व कक्षा शिक्षण अनिवार्य गर्ने।

च) वस्तुगत वहुवैकल्पिक प्रश्नको उत्तरपुस्तिका शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

छ) उत्तरपुस्तिका चेकजाँच सीसीटीभी क्यामराको निगरानीमा गरिनेछ।

(२) उपदफा (१)(ग) बमोजिमको कार्य गर्न स्थानीय शिक्ष ऐन बमोजिम गठित परीक्षा संचालन तथा समन्वय समितिको गाउँपालिका कार्यालयको प्रतिनिधित्व गर्ने सदस्यले गर्नेछ।

## परिच्छेद ४

## विविध

**९. थप व्यवस्थाः-** (१) कक्षा १-८ मा हाल व्यवस्था भएको विद्यालय सहायक कर्मचारी र कम्प्युटर शिक्षकको दरबन्दी कटौती गरिनेछ। कक्षा ९/१० वा ९/१२ संचालित विद्यालयमा कायम विद्यालय सहायक कर्मचारी र कम्प्युटर शिक्षकलाई कम्प्युटर र लेखासम्बन्धीको ज्ञान भए नभएको सम्बन्धमा परीक्षण गर्ने र परीक्षणवाट सन्तोषजनक नतिजा नल्याएमा निजलाई वर्खास्त गर्ने प्रक्रिया अघि बढाईनेछ।